## बोर्ड सचिवालयको स्थापनादेखि २०७५।०७।१७ गते सम्म सम्पादन भएका मुख्य कार्यहरू


| विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| विदेशमा अलपत्र परेका कामदारको उद्धार/ खोजतलास | ७ | १०६ | ११३ |
| वैदेशिक रोजगारीमा गई मृत्यु भएका कामदारका हकदारलाई तोकिए बमोजिमको आर्थिक सहायता | १५७ | ६७९६ | ६९५३ |
| अंग भंग/गम्भीर विरामी भएका कामदारलाई तोकिए बमोजिमको आर्थिक सहायता | ३७ | १२३४ | १२७१ |
| वैदेशिक रोजगारीमा गई मृत्यु भएका मृतक कामदारको शब घर ठेगानासम्म पुऱ्याउने कार्य | २३ | ११४८ | ११७१ |
| विदेशमा मृत्यू भएका कामदारको शव झिकाउने कार्य | ६ | २२७ | २३३ |
| वैदेशिक रोजगारीमा गएका कामदारका परिवार गम्भिर विरामी भई स्वास्थ्य उपचारका लागि तोकिए बमोजिमको उपचार सहयोग | | | ६६ |
| महिला कामदारले अभिमुखीकरण तालिम वापत तिरेको रकम शोध भर्ना लिएको सङ्ख्या | | | ३२९८ |
| मृत्यु वा पूर्ण अशक्त भएका कामदारका छोरा छोरीलाई छात्रवृत्ती प्रदान गरिएको सङ्ख्या | | | २८७० |
| अभिमुखीकरण तालिम प्रशिक्षक प्रशिक्षण लिएको सङ्ख्या | | | ६०० |
| वैदेशिक रोजगारीमा जाने कामदारलाई लक्षित गरी सञ्चालन भएको सीप विकास तालिममा सहभागी सङ्ख्या | | | १५९२० |



बोर्ड सचिवालयको दशौं वार्षिकोत्सवको कार्यक्रम

- सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सचेतनामूलक कार्यक्रम (डकुमेन्ट्री र अन्य सचेतनामूलक सन्देश) तयार गरी (टि.भी., रेडियो, एफ.एम.बाट प्रसारण गरिएको),
- वैदेशिक रोजगार सम्बन्धमा समय समयमा नेपाल सरकारलाई परामर्श उपलब्ध गराइएको,
- सुरक्षित अन्तर्राष्ट्रिय श्रम बजारको खोजी र गन्तव्य मुलुकका कामदारहरूको स्थिति सम्बन्धमा कार्यदल मार्फत समय समयमा अध्ययन अनुसन्धानको कार्य सम्पादन भएको,
- सुरक्षित गृह सञ्चालनमा सहयोग भएको।

### वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड सचिवालयको संगठन संरचना






कार्यदलको छलफल: गोदावरी कार्यशाला

"सीप र स्वरोजगार : आर्थिक समृद्धिको आधार"

# वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड सचिवालयको परिचय

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय


काठमाडौं
वेवसाइट : www.fepb.gov.np
फोन नं.: ४१०५०६८, ४१०५०६९, ४१०५०६२
इमेल : info@fepb.gov.np

## (क) परिचय

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३८ मा भएको व्यवस्था बमोजिम वैदेशिक रोजगार प्रबर्द्धन वोर्डको गठन भएको हो। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीज्यूको अध्यक्षता रहने वोर्डमा विभिन्न निकायका उच्चपदस्थ सरकारी अधिकारी, वैदेशिक रोजगार व्यवसायी सम्बद्ध संघ, सस्था, ट्रेड युनियन, विज्ञ र यस क्षेत्रमा कार्यरत संस्थाहरूका प्रतिनिधि सहित २५ जना सदस्यहरू रहने व्यवस्था छ।

वोर्डको नियमित कार्य संचालन गर्न बैदेशिक रोजगार प्रवर्द्धन वोर्डको सचिवालय रहेको छ। वैदेशिक रोजगार प्रबर्द्धन वोर्ड सचिवालयको स्थापना २०६५ साल कार्तिक १८ गते भएको हो।

## (ख) उद्देश्य

- वैदेशिक रोजगार व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने,
- बैदेशिक रोजगारमा जाने कामदार र रोजगार व्यवसायीको हकहित संरक्षण गर्ने।

## (ग) सम्पादन गर्ने मुख्य कार्यहरू

### (१) कल्याणकारी कार्यहरू

१.१ विदेशमा अलपत्र परेका कामदारको उद्धार,

१.२ विदेशमा मृत्यु भएका कामदारको शव झिकाउने र घर ठेगानासम्म पुर्‍याउने,

१.३ मृत्यु भएका कामदारका हकदारलाई तोकिए बमोजिमको आर्थिक सहायता दिने,

१.४ अंगभंग भएका कामदारलाई तोकिए बमोजिमको आर्थिक सहायता दिने,

१.५ कामदारको परिवार गम्भिर विरामी भएमा तोकिए बमोजिम दिईने उपचार सहयोग प्रदान गर्ने,

१.६ वैदेशिक रोजगारीको क्रममा मृत्यु वा पूर्ण अशक्त भएका कामदारको छोरा छोरीलाई छात्रवृत्ति प्रदान गर्ने,

१.७ वैदेशिक रोजगारमा गएका कामदारका लागि कानूनी प्रतिरक्षा तथा परामर्शका लागि सहयोग गर्ने,

१.८ सुरक्षित गृह सञ्चालन : विदेश गएका नेपाली कामदारका लागि रोजदारदाता मुलुकस्थित नेपाली राजदूतावासबाट सुरक्षित गृह सञ्चालन गरिन्छ भने वैदेशिक रोजगारीबाट स्वदेश फर्की समस्यामा परेका नेपाली महिला कामदार हरूका लागि स्वदेशमा सुरक्षित गृह सञ्चालन गर्ने,

१.९ स्वदेश फर्किएका कामदारलाई पुर्नएकीकरण तथा पुर्नस्थापना कार्यक्रम सञ्चालन गर्ने।

### (२) सुरक्षित वैदेशिक रोजगारीका लागि प्रवर्द्धनात्मक कार्यहरू

२.१ वैदेशिक रोजगारी सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन (टि.भी., रेडियो, एफ.एम.बाट डकुमेन्ट्री उत्पादन र प्रसारण),

२.२ सुरक्षित अन्तर्राष्ट्रिय श्रम बजारको खोजी,

२.३ सुरक्षित वैदेशिक रोजगार प्रवर्द्धनका लागि सूचना सङ्कलन, प्रशोधन र प्रकाशन,

२.४ गन्तव्य मुलुकमा कामदारहरूको स्थिति अध्ययन।

### (३) प्रशिक्षण तथा अध्ययन अनुसन्धानात्मक कार्यहरू

३.१ वैदेशिक रोजगारमूलक सीप विकास तालिम पाठ्यक्रम तर्जुमा र तालिम कार्यक्रम सञ्चालन गर्ने

३.२ अभिमुखीकरण तालिम पाठ्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने

३.३ अभिमुखीकरण र सीपमूलक तालिम दिन अनुमती पत्र वा इजाजत पत्र प्राप्त संस्थाको अनुगमन गर्ने/गराउने,

३.४ विदेशबाट फर्कका कामदारको निशुल्क सीप परीक्षण कार्यक्रम सञ्चालन (Skill Testing) गर्ने,

३.५ पूर्व प्रस्थान अभिमुखीकरणका लागि प्रशिक्षक प्रशिक्षण (TOT) सञ्चालन गर्ने,

३.६ वैदेशिक रोजगारसँग सम्बन्धित विविध विषयमा अध्ययन तथा अनुसन्धान गर्ने।

### (४) अन्य कार्यहरू

४.१ वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन नीति निर्माणको कार्यमा राय सुझाव दिने,

४.२ परराष्ट्, स्वास्थ्य मन्त्रालय, विदेशी नियोगहरू र अन्य सरकारी तथा गैह्र सरकारी निकायहरूसँग समन्वय र सहकार्य गर्ने,

४.३ वैदेशिक रोजगार सम्बन्धमा नेपाल सरकारलाई आवश्यक परामर्श दिने।

## तथ्याङ्कमा वैदेशिक रोजगारीको १० वर्ष

| आ.ब. | वैदेशिक रोजगारमा गएकाहरुको विवरण | | | विप्रेषण आप्रवाह (रु. अर्बमा) | जिडिपी अनुपात | मृत्यु संख्या | अंगभंग संख्या |
|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | | | | |
| ०६५/६६ | २११,३७१ | ८,५९४ | २१९,९६५ | २०९.७ | २१.२ | ७७ | ८ |
| ०६६/६७ | २८४,०३८ | १०,०५६ | २९४,०९४ | २३१.७ | १९.४ | ४१९ | १० |
| ०६७/६८ | ३४४,३०० | १०,४१६ | ३५४,७१६ | २५३.६ | १८.५ | ५६६ | ३१ |
| ०६८/६९ | ३६१,७०७ | २२,९५८ | ३८४,६६५ | ३५९.६ | २३.५ | ६४८ | ५७ |
| ०६९/७० | ४२५,८३० | २७,७१३ | ४५३,५४३ | ४३४.६ | २५.६ | ७२२ | ९० |
| ०७०/७१ | ४९८,४४६ | २९,३६८ | ५२७,८१४ | ५४३.३ | २७.७ | ८७७ | ११६ |
| ०७१/७२ | ४९८,८४८ | २८,९६६ | ५२७,८१४ | ६१७.३ | २९.१ | १००६ | १८४ |
| ०७२/७३ | ३९९,४०६ | १९,३०७ | ४१८,७१३ | ६६५ | २९.६ | ८१६ | ११७ |
| ०७३/७४ | ३४५,०६१ | १८,०१२ | ३६३,०७३ | ६९५ | २६.९ | ७५६ | २०४ |
| ०७४/७५ | २९३,२६३ | १९,४८६ | ३१२,७४९ | ४७१.९ | | ८२१ | ३६१ |
| कूल : | ३७,००,६७२ | १,९७,८०७ | ३८,९८,४७९ | ४,४८२ | | ६,७०८ | १,१७८ |

स्रोत : वैदेशिक रोजगारमा गएकाहरुको विवरण : वैदेशिक रोजगारका लागि श्रम आप्रवासन, नेपालको स्थिति प्रतिवेदन, २०७२/०७३-२०७३/०७४, श्रम तथा रोजगार मन्त्रालय, ०७४/७५ को तथ्यांकहरु : वैदेशिक रोजगार विभाग, मृत्यु/अंगभंग संख्या : वै.रो. प्रवर्द्धन बोर्डको सचिवालय, २०७३/०७४ सम्मको, विप्रेषण आप्रवाहः अर्थ मन्त्रालय (आर्थिक सर्वेक्षण, २०७४/०७५, प्रथम आठ महिना)



प्रभातफेरी (अन्तर्राष्ट्रिय आप्रवासन दिवस, २०७४)